

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्नें छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरून्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क ३३८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० पुस १७ गते मंगलबार ❑ 2 Jan. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## लोकतन्त्रको विकल्प अझ उन्नत लोकतन्त्र मात्र हो : सभापति देउवा

**पोखरापत्र संवाददाता**
पोखरा, १६ पुस

नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले लोकत्रन्त्रको विकल्प अझ उन्नत लोकतन्त्र मात्र हुने बताउनुभएको छ।

कांग्रेसले ४८औँ राष्ट्रिय एकता तथा मेलमिलाप दिवसका अवसरमा सोमबार यहाँ आयोजना गरेको कार्यक्रममा उहाँले लोकतन्त्रका खिलापमा धुमिल वातावरण बनाउने प्रयास भएको उल्लेख गर्दै यसप्रति सबै सचेत हुनुपर्ने उल्लेख गर्नुभयो । सभापति देउवाले भन्नुभयो, "नेपालका राजनीतिक दलहरूमा प्रतिस्पर्धा र वैचारिक विविधता बाबजुद लोकतन्त्रका सम्बन्धमा एक ठाउँमा रहने राम्रो संस्कार छ, यो विरलै हुन्छ।" सबै पार्टीबीच रहेको यस्तो सहमति र साझा धारणा महत्त्वपूर्ण रहेको उहाँले बताउनुभयो । राष्ट्रियताका सवालमा कांग्रेसका संस्थापक नेता बीपी कोइरालाको नीतिको प्रभाव रहेको उल्लेख गर्दै सभापति देउवाले कोइराला सानो देशका ठूला नेता भएको बताउनुभयो । बीपी कोइराला मुलुक अफ्ठ्यारो परिस्थितिमा ज्यान जोखिममा राखेर स्वदेश फिर्ता हुनुभएको प्रसङ्ग उल्लेख गर्दै उहाँले बीपीका विचार, राष्ट्रिय एकता र मेलमिलाप नीति आज पनि उत्तिकै सान्दर्भिक रहेको बताउनुभयो । कांग्रेसले पार्टीका संस्थापक विश्वेश्वरप्रसाद कोइरालालगायतका नेताहरू राष्ट्रिय एकता तथा मेलमिलापको नीति लिई स्वदेश फर्किनु भएको दिनको सम्झनामा हरेक वर्ष पुस १६ गते मेलमिलाप दिवस मनाउँदै आएको छ । मुलुकको सार्वभौमसत्ता रक्षा गर्न जनताकै बीचमा रहनुपर्दछ भन्ने सोचका साथ प्रथम जननिर्वाचित प्रधानमन्त्रीसमेत रहनुभएका बीपीको नेतृत्वमा सर्वोच्च नेता गणेशमान सिंह, नेतृ शैलजा आचार्य, नेताहरू खुमबहादुर खड्का, रामबाबु प्रसाईं, नीलाम्बर पन्थीलगायतका नेताहरू मेलमिलापको नीति लिई करिब आठ वर्ष लामो निर्वासित जीवनपछि विसं २०३३ पुस १६ गते स्वदेश फर्किनुभएको थियो ।

## बालकुमारी घटनाको छानबिन गर्ने आयोग गठन

**रासस**
काठमाडौं, १६ पुस

सरकारले गत शुक्रबार ललितपुरको बालकुमारीमा मानवीय तथा भौतिक क्षति हुने गरी भएको घटनाको निष्पक्ष र वस्तुगत छानबिन गर्न आयोग गठन गरेको छ । उच्च अदालतका पूर्वन्यायाधीश शेखर पौडेलको अध्यक्षतामा तीन सदस्यीय जाँचबुझ आयोग गठन गरिएको हो ।

सिंहदरबारमा सोमबार बसेको मन्त्रिपरिषद् बैठकले पूर्वन्यायाधीश पौडेलको अध्यक्षतामा पूर्वअतिरिक्त प्रहरी महानिरीक्षक अरुण विसी र गृहमन्त्रालयका सहसचिव नारायणप्रसाद भट्टराई सदस्य रहेको आयोग गठन गरेको सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले जानकारी दिनुभयो ।

आयोगलाई उक्त घटनामा भएको मानवीय तथा भौतिक क्षतिको अध्ययन तथा विश्लेषण गर्ने, उक्त घटनाको कारण र त्यस स्थानमा गरिएको सुरक्षा प्रबन्ध तथा सुरक्षा योजनाको अध्ययन गरी कमीकमजोरी पहिचान गर्ने कार्यादेश दिइएको छ । आयोगले बालकुमारी घटनासँग सम्बन्धित व्यक्ति तथा पदाधिकारी एवं निकायको भूमिकाका बारेमा अध्ययन गर्ने, दोषी देखिएकालाई कारबाहीको सिफारिस गर्ने र आगामी दिनमा यस प्रकारका घटना हुन नदिन आवश्यक सुझाव पेस गर्ने मन्त्री शर्माले बताउनुभयो । आयोगलाई एक महिनाको समयावधि तोकिएको छ । आयोगले सुझावसहितको यथार्थता प्रस्तुत गर्ने र उक्त सुझावलाई सरकारले कार्यान्वयन गर्ने मन्त्री शर्माले जानकारी दिनुभयो । बालकुमारीस्थित इपिएस कोरिया शाखा कार्यालयमा परीक्षा फारम भर्ने विषयलाई लिएर भएको प्रदर्शनका क्रममा शुक्रबार अछामको चौरपाटी गाउँपालिका-१ का वीरेन्द्र शाह र दैलेखको महाबु गाउँपालिका-६ का सुजन राउतको ज्यान गएको थियो ।

## 'सुशासन र समृद्धिका विषयमा दलहरू एक हुनुपर्छ'

**पोखरापत्र संवाददाता**
पोखरा, १६ पुस

प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले शान्ति, सुशासन र समृद्धिका सवालमा राजनीतिक दलहरू एक ठाउँमा हुनुपर्ने बताउनुभएको छ।

नेपाली कांग्रेसले ४८औँ राष्ट्रिय एकता तथा मेलमिलाप दिवसका अवसरमा सोमबार यहाँ आयोजना गरेको कार्यक्रममा उहाँले अब औद्योगिक र कृषि क्षेत्रमा आधुनिकीकरण गर्न सबै दलबीच एकताबद्ध हुनुपर्ने आवश्यकता औँल्याउनुभयो।

राष्ट्रियताको रक्षा गर्न कांग्रेसका संस्थापक नेता बिपी कोइराला स्वदेश फर्कनुभएको प्रसङ्ग उल्लेख गर्दै अध्यक्ष ओलीले भन्नुभयो, "पुर्खाले जोगाएको राष्ट्रियता रक्षा गर्नु हाम्रो कर्तव्य र दायित्व हो, लोकतन्त्रमा प्रतिस्पर्धा हुन्छ, तर यसको रक्षाका लागि एकता आवश्यक छ, हामी एक छौँ।" उहाँले सुशासन, विकास निर्माण, सामाजिक न्यायमा सहमति र मेलमिलापको आवश्यकता रहेको धारणा व्यक्त गर्नुभयो।

कांग्रेसले पार्टीका संस्थापक विश्वेश्वरप्रसाद कोइरालालगायत नेताहरू राष्ट्रिय एकता तथा मेलमिलापको नीति लिई स्वदेश फर्किनुभएको दिनको सम्झनामा हरेक वर्ष पुस १६ गते मेलमिलाप दिवस मनाउँदै आएको छ । मुलुकको सार्वभौमसत्ता रक्षा गर्न जनताकै बीचमा रहनुपर्दछ भन्ने सोचका साथ प्रथम जननिर्वाचित प्रधानमन्त्रीसमेत रहनुभएका बिपीको नेतृत्वमा सर्वोच्च नेता गणेशमान सिंह, नेत्री शैलजा आचार्य, नेताहरू खुमबहादुर खड्का, रामबाबु प्रसाईं, नीलाम्बर पन्थीलगायत नेताहरू मेलमिलापको नीति लिई करिब आठ वर्ष लामो निर्वासित जीवनपछि २०३३ साल पुस १६ गते स्वदेश फर्किनुभएको थियो।

## 'रुपान्तरण अभियानले पार्टीमा नयाँ जागरण'

**पोखरापत्र संवाददाता**
पोखरा, १६ पुस

सत्तारूढ नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का केन्द्रीय सचिव एवं गण्डकी प्रदेशका इन्चार्ज देवेन्द्र पौडेलले पार्टीले सञ्चालन गरेको जनतासँग माओवादी विशेष रुपान्तरण अभियानले पार्टीपङ्क्तिमा नयाँ जागरण पैदा गरेको बताउनुभएको छ।

पार्टीको पोखरा महानगर कमिटीले अभियानको समापनका अवसरमा आज आयोजना गरेको कार्यक्रममा उहाँले चाडपर्व, भूकम्पलगायत कारणले अभियानलाई केही प्रतिकूल प्रभाव पारे पनि अभियानले पार्टीलाई जनतासँग जोड्ने काममा सफलता प्राप्त गरेको उल्लेख गर्नुभयो। प्रतिनिधिसभाका सदस्यसमेत रहनुभएका नेता पौडेलले भन्नुभयो, "यस अभियानले पार्टीका नेता कार्यकर्ताहरूमा नयाँ उत्साह कायम गरेको छ र पार्टीमा नयाँ जागरण पैदा भयो । पार्टी सङ्गठनलाई स्वचालित बनाउन अभियान कोशेढुङ्गा साबित भएको निष्कर्ष निकालेका छौँ ।" नेता पौडेलले कार्यसम्पादनका आधारमा नेता तथा कार्यकर्ताको मूल्याङ्कन हुने र जिम्मेवारी प्रदान गर्ने प्रणालीको विकास गरिने बताउनुभयो । "फिल्डमा नजाने तर अध्यक्ष कहाँ गएर अनुहार देखाएर वा अरू कुनै प्रकारले प्रभाव पारेर जिम्मेवारी प्राप्त गर्ने कुरा अब पार्टीमा अन्त्य भएको छ," सचिव पौडेलले भन्नुभयो, "नेताहरूको मूल्याङ्कन अब फिल्डमा कति काम गऱ्यो, कति समय दियो भन्ने आधारमा हुनेछ ।" नेता पौडेलले चार महिनाको अभियानका क्रममा जनताबाट प्राप्त सुझावका आधारमा अब पार्टीलाई सञ्चालन गरिने स्पष्ट पार्नुभयो । पार्टीको छिट्टै हुने विधान अधिवेशनले पार्टी कमिटी र सङ्गठनलाई स्वचालित प्रणालीमा सञ्चालन गर्ने विधि बनाउने उहाँको भनाइ थियो।

नेता पौडेलले अझै पनि श्रमिक, उत्पीडित वर्ग, समुदायको विश्वास माओवादीप्रति नै रहेको जिकिर गर्दै सुकुम्बासी समस्या, मजदुरका समस्यालाई पार्टीको नेतृत्वमा रहेको सरकारले पूरा गरेरै


बाँकी अन्तिम पृष्ठमा ▶▶


## पोखरा सडक महोत्सवमा ५ लाख पर्यटक भित्रिएको रेवानको दाबी

**पोखरापत्र संवाददाता**
पोखरा, १६ पुस



रेवान पोखराले पोखराको मुख्य पर्यटकीय क्षेत्र लेकसाइडको करिब ३ किलोमिटर सडक क्षेत्रमा आयोजना गरेको पोखरा सडक महोत्सवमा यसपाली ५ लाख पर्यटक भित्रिएको दाबी गरेको छ। महोत्सवको चौथो तथा इभको दिन आइतबार मात्र करिब साँढे २ लाख पर्यटक भित्रिएको रेवान पोखराका अध्यक्ष नरेश भट्टराईले बताउनु भयो।

पोखरामा सोमबारसम्म चल्ने २५ औं संस्करणको सडक महोत्सवमा ५ दिनको महोत्सवमा करिब ५ लाख भन्दा बढी पर्यटक भित्रिएको उहाँले जनाउनु भयो । अंग्रेजी नयाँ वर्षको अवसरमा आगन्तुक पर्यटकहरुको लागि रेवान पोखराले आतिसबाजी समेत गराउदा पर्यटकहरुले निकै मनोरन्जन लिनु भएको थियो । आइतबार मध्यरात १२:०० बजे आतिसबाजी अवलोकन गर्नेहरुको भिडभाडले गर्दा पोखराको लेकसाइडमा पर्यटकले भरीभराउ भएको छ । उक्त महोत्सवको अवसरमा आगन्तुक स्वदेशी तथा विदेशी पर्यटकलाई थप आकषर्ण गर्न आतिसबाजी भएकोले लेकलाइड क्षेत्रमा आज(सोमबार) बिहान ३:०० बजेसम्म पर्यटकहरुको चहलपहल भएको रेवान पोखराका पूर्व अध्यक्ष गोपी बहादुर भट्टराईले बताउनु भयो । अन्य बर्षको महोत्सवमा सहभागि हुने पर्यटकको सङ्ख्या भन्दा यस बर्ष अझ बढी सहभागि हुनु भएको उहाँले दाबी गर्नु भयो ।

रेवान पोखराले सोमबार बिहान १:०० बजेसम्म स्टेज सो पप कर्न्सट आयोजना गरेको थियो भने अध्याधिक ठुलो भिडभाड भएकोले सबै आन्तरिक तथा बाह्यि पर्यटक महोत्सव स्थलबाट निस्किसक्दा करिब ४:०० बजेको थियो भने लेकसाइडमा बिहान ३:०० बजेसम्म पनि पर्यटकको चहलपहल भएको रेवान पोखराले जनाएको छ । राति अत्याधिक भिड हुदा उक्त भिडलाई पोखराको लेकसाइड क्षेत्रमा पार्किङ देखि पर्यटकहरुलाई शान्ति सुरक्षा दिन सुरक्षार्थ नेपाल प्रहरी सहितको सुरक्षाकर्मी खटिनु भएको थियो।

आयोजक रेवान पोखराले विगत २५ बर्ष देखि आयोजना गर्दै आएको पोखरा सडक महोत्सवको अवसरमा यस बर्ष गृह मन्त्रालयबाटै अनुमति लियर मध्यरात १२:०० बजे नयाँ अग्रेंजी बर्ष सुरु हुने भएसंगै करिब २ मिनेटको आतिसबाजि गरेको हो । पोखरा सडक महोत्सवमा आतासवाजी हुदा केही आलोचना समेत हुने हुदा यसपाली आयोजकले कानूनि रुपमै अनुमति लियर आतासवाजी गरेको रेवानले जनाएको छ। महोत्सवमा बेलुका राति पप कर्न्सट तर्फ लाहुरे र द एलिमेन्टको प्रस्तुती रहेको रेवान पोखराका महासचिव बिकास भट्टराईले बताउनु भयो।

बर्षको ३६५ दिन मध्य सायद सबै भन्दा धेरै आन्तरिक पर्यटकहरुको आगमन हुने दिनको रुपमा आईतबार इभको दिनलाई लिने गरेको पर्यटन व्यवसायीहरु बताउनु हुन्छ । पोखराका पर्यटन व्यवसायी गणेश बहादुर भट्टराइको बिषेश अगुवाईमा अफसिजनमा पोखराको पर्यटन प्रबर्द्धन गर्न सुरु गरिएको उक्त महोत्सवलाई सफल पार्न सरकारी तथा गैरसरकारी सहित विभिन्न कर्पोरेट हाउसहरुले समेत राम्रै सहयोग गर्दै आउनु भएको छ भने उक्त महोत्सवमा ५ लाख पर्यटकहरु भित्रिएको अध्यक्ष भट्टराईले दाबी गर्नु भयो। सडक महोत्सवले पोखराको लेकसाइड मात्र नभई पोखरा आसपास सहित समग्र कास्की र गण्डकी प्रदेश हुदै देशलाई नै आर्थिक कृयाकलाप चलायमान बनाउन मद्धत पुगेको उहाँले दाबी गर्नु भयो । पोखराको लेकसाइडमा जारी २५ औं संस्करणको पोखरा सडक महोत्सवमा सहभागि हुन आउने पर्यटकको सङ्ख्यामा बृद्धिभएसंगै पोखरामा आन्तरिक पर्यटकमा बृद्धि भएको पोखरा पर्यटन परिषदका अध्यक्ष पोमनारायण श्रेष्ठले बताउनु भयो।

महोत्सवमा कला संस्कृति झल्कने विभिन्न जनजातिको भेषभुषा सहितको नृत्य एवं झाँकी प्रर्दशनी गरीने भएको संस्थाका प्रथम उपाध्यक्ष एवं महोत्सव संयोजक विश्वराज पौडेलले बताउनु भयो। महोत्सवमा विभिन्न खेलकुद कार्यक्रम, गित संगित तथा कला क्षेत्रलाई उच्च प्रथामिकता दिएको खेल संयोजक पूर्व अध्यक्ष सुर्य बहादुर भुजेलले बताउनु भयो। सडक महोत्सवको करिब ३ किलोमिटर क्षेत्रमा रंगरोगन सहित धोजा पोतका सहित व्यानरले निकै झकीझकाउ बनाइएको छ भने सडक अगाडीका होटल, रेष्टुरेण्ट देखि विभिन्न व्यवसायीक प्रतिष्ठानहरुले सडक पेटि हुदै केहीले सडकसम्म आफ्नो किचन देखि व्यवसायको स्टल ल्याउनु भएको छ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# सकियो ११ औं लेखनाथ महोत्सव, लक्ष्यभन्दा बढी दर्शक एवं कारोबार

पोखरापत्र संवाददाता
पोखरा, १६ पुस

"महोत्सव लेखनाथको संस्कृति, स्थानिय उत्पादन विकास र सम्मृद्धि" भन्ने मुल नाराका साथ पुष ५ गतेबाट लेखनाथमा शुरु भएको ११औं संस्करणको लेखनाथ महोत्सव सोमबारबाट सकिएको छ।

समापन कार्यक्रमलाई सम्बोधन गर्दै पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले पोखरालाई पर्यटकीय राजधानी घोषणा गर्नुपर्नेमा जोड दिएका छन् । उनले पोखरा आफैंमा सौन्दर्यले भरिपुर्ण रहेको र शिक्षा, खेलकुद, धार्मिक क्षेत्र, भाषा, साहित्यमा लगायतका कुरालाई समेटेर महानगरसँग सहकार्य गरि पर्यटनको राजधानी बनाउनुपर्ने बताएका थिए । कार्यक्रममा रुपा गाउँपालिकाका प्रमुख नवराज ओभाले व्यापारिक मेला तथा महोत्सवले आर्थिक समृद्धिमा टेवा पुने बताउदै मेलाले क्रेता र बिक्रेतालाई एकै ठाउँमा जम्मा गरि बस्तु तथा सेवा र उत्पादनको बजारीकरणमा महत्वपूर्ण योगदान पुऱ्याउने धारणा राखेका थिए । पुस ५ गतेदेखी सञ्चालन भएको



११ औं संस्करणको महोत्सवमा आयोजकले राखेको लक्ष्यभन्दा बढि दर्शकहरुले अवलोकन गरेका छन भने सोहि अनुसारको कारोबार समेत भएको छ। महोत्सव अवधिभर ९ करोड भन्दा बढिको कारोबार भएको र ३ लाख भन्दा बढि दर्शकहरुले अवलोकन गरेको प्रचारप्रसार संयोजक उपेन्द्राज सुवेदी 'राजु' ले जानकारी दिए। कार्यक्रममा संघका अध्यक्ष एवं महोत्सवका मुल संयोजक विनोद श्रेष्ठले महोत्सव ११ औं संस्करणसम्म आउँदा महोत्सवको पनि महोत्सव भन्ने पहिचान स्थापित गर्न सफल भएको बताउँदै सम्पुर्ण लेखनाथभित्रका संघ संस्था, व्यवसायीहरु, विभिन्न जात जातिहरु, आमा/महिला समुहहरु र समग्रमा सम्पुर्ण लेखनाथवासिहरुको एकताका कारण उक्त सफलता सम्भव भएको बताएका थिए।

महोत्सवमा निर्माण गरिएको थ्रि डि आर्ट सहितको कवि शिरोमणी लेखनाथ पौड्यालको जन्मघरको नमुना विशेष आर्कषणको केन्द्र बनेको थियो भने मातृशक्तिहरुको सम्मानमा आयोजित रत्यौली प्रतियोगिता, विद्यालय स्तरिय कार्यक्रम, सास्कृतिक कार्यक्रम, आदीबासी जनजाति विशेष कार्यक्रम, जातजातिहरुको सम्मानमा लोप हुन लागेका रितिरिवाज तथा संस्कृति झल्कने उत्कृष्ट नृत्य प्रदर्शनी, आदिबासी जनजाति तथा आमा/महिला समुहहरुको आफ्नो झाँकीऱ्याली तथा भेषभुषा प्रदर्शनी, ख्याती प्राप्त हास्य व्यंग्य कलाकारहरुको दैनिक प्रस्तुती, कृषि तथा पशुपंक्षी प्रदर्शनी, सुचना प्रविधि प्रदर्शनी, राष्ट्रिय उत्पादन प्रदर्शनी, शैक्षिक प्रदर्शनी, हस्तकला प्रदर्शनी, बाल उद्यान, खाना महोत्सव, राष्ट्रिय लोक दोहोरी कार्यक्रम, युवाहरुको इच्छालाई लक्षित गर्दै लाइभ म्युजिक कर्न्सट अन्य आर्कषणको रुपमा रहेका थिए।

महोत्सव सञ्चालनबाट हुने बचत रकमबाट प्रदर्शनी स्थल र संघको भवनको स्तरोन्नती, औद्योगिक क्षेत्र निर्माणको लागि पहल एवं सहयोग, कवि शिरोमणि लेखनाथ पौड्यालको जन्मस्थल विकास, पर्यटन विकास तर्फ बेगनासतालमा बराह मन्दिर संरक्षण, स्थानीय महिला तथा युवा उद्यमीहरुद्धारा उत्पादित वस्तुहरुको प्रवर्द्धनका लागि उत्कृष्ट स्तरको कोसेली घर निर्माण, संघद्धारा बेगनासतालमा निमार्ण गरिएको लेटर बोर्डको परिसरमा चेम्बरपार्क निर्माण लगायतका विभिन्न सामाजिक उत्तरदायित्वका कार्यमा खर्च गरिने आयोजकले जानकारी दिएको छ।

# गौरीघाट र फिटनेश हबले जिते रस्साकसी

पोखरापत्र संवाददाता
पोखरा, १६ पुस

रेवान पोखराद्वारा आयोजित २५ औं पोखरा सडक महोत्सव अर्न्तगत रस्साकसी प्रतियोगितामा पुरुषतर्फ गौरीघाट 'ए' प्रथम भएको छ।

गौरीघाटकै 'बी' टिमलाई पराजित गर्दै गौरीघाट 'ए' ले प्रथम स्थान हाँसिल गरेको हो । प्रतियोगितामा डेमसाइड फिटनेश हबले पावरहाउस टिमलाई पराजित गर्दै तेश्रो स्थान हाँसिल गऱ्यो । प्रथम हुने टिमले खसी, दोश्रोले बोका र तेश्रो हुने टिमले दुईवटा कुखुराको भाले पुरस्कार पाए । महिलातर्फ फिटनेश हब डेमसाइड प्रथम र त्रिपुरा महिला नारी समुह दोश्रो भए। उनीहरुले क्रमश : नगद १५ र १० हजार रुपैयाँ पुरस्कार प्राप्त गरे। नाङ्गा गण्डकीको संयोजनमा भएको प्रतियोगिताका विजयी खेलाडीहरुलाई पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठ, टान गण्डकीका अध्यक्ष धर्म पन्थी, आयोजक रेवानमा महासचिव विकास भट्टराई, रेवान पोखराका पूर्वाध्यक्ष



भिमसेन भुजेल, महिला खेलका सह-संयोजक कृष्ण आचार्य, ट्याक्सी व्यवसायी समितिका अध्यक्ष शोभाकान्त पौडेल, टानका सचिव तीर्थराज सुवेदी, नाङ्गाका सचिव चेतन कार्की, पिटिसीका पूर्व कोषाध्यक्ष कृष्ण काफ्ले लगायतले पुरस्कार प्रदान गरेका थिए । महोत्सव अर्न्तगत खेलकुद कार्यक्रम संयोजक सूर्यबहादुर भुजेलले कार्यक्रम सञ्चालन गरेका थिए । यसैबिच पाँच दिने पोखरा सडक महोत्सव सोमबार रातिदेखि अनौपचारिक रुपमा सम्पन्न भएको छ। त्यसअघि आइतबार मध्यरातमा बसुन्धरा पार्कमा भव्य आतिसबाजी गर्दै अंग्रेजी नयाँ वर्षको स्वागत गरिएको थियो । नयाँ वर्षको स्वागतका लागि हजारौं पर्यटकहरु लेकसाइडको सडकमा पुगेका थिए । महोत्सव सफल पार्न सहयोग गर्ने पोखरा महानगरपालिका, नेपाल पर्यटन बोर्ड, प्रायोजक, सुरक्षाकर्मी, स्वास्थ्यकर्मी, सञ्चारकर्मी, स्थानिय आमा समुह, युवा समुह लगायतलाई रेवान पोखराले कृतज्ञता जाहेर गरेको छ। 'सबैको सहयोगमा यो महोत्सव सफल भएको छ, उहाँहरु सबैजना धन्यवादकापात्रहुनुहुन्छ'-आयोजक संस्थाका महासचिव विकास भट्टराईले भने।

# करिब ३ करोड लगानीमा पोखरामा खुल्यो पर्फेक्सन कस्मेटोलोजी

पोखरापत्र संवाददाता
पोखरा, १६ पुस

अन्तर्राष्ट्रियस्तरको प्रविधि सेवा सुविधासहित पोखरामा पर्फेक्सन कस्मेटोलोजी तथा एस्थेटिक एकेडेमी सञ्चालनमा आएको छ । न्यूरोडको दरबारचोक मार्गमा करिब ३ करोड लगानीमा सञ्चालनमा आएको एकेडेमीको पोखरा महानगरपालिकाकी उपप्रमुख मञ्जुदेवी गुरुङले सोमबार उद्घाटन गरिन् ।

बेलायतमा २० वर्ष बसेकी पोखराकी सञ्जु श्रेष्ठले एकल लगानीमा खोलेको एकेडेमीले अंग्रेजी नयाँ वर्ष २०२४ को पहिलो दिनदेखि औपचारिक सेवा शुभारम्भ थालेको हो । पर्फेक्सनले अनुभवी कर्मचारी र उत्कृष्ट सौन्दर्य सामग्रीमार्फत सबै खाले सौन्दर्य सेवा दिने सञ्जुले बताइन्। उद्घाटनपछि बोल्दै उपप्रमुख गुरुङले महिलाहरुले आफैं लगानी गरेर व्यवसाय गरेको देख्दा आफूलाई निकै खुसी लाग्ने सुनाइन् । उनले आशावादी मान्छेले चुनौतीमा पनि अवसर देख्छ भनेजस्तै गरेर आर्थिक संकटको बेलामा ठूलो रकम लगानी गर्नुले अरुलाई पनि



प्रेरणा थप्ने बताइन् । महानगरले पछाडि परेका महिलालाई उद्यमी बनाउन उपप्रमुखसँग महिला कार्यक्रम ल्याएर जीविका चलाउन योगदान गरिरहेको उनले बताइन्। 'महिलाहरू आफैं स्थापित भएर अघि बढ्नुपर्छ । प्रत्येक महिला आयआर्जनसँग जोडिनुपर्छ भनेर न्यून आय, एकल महिला, हिंसापीडित महिलालाई सबल बनाउन हामीले उपप्रमुखसँग महिला कार्यक्रम ल्याएका छौं,' गुरुङले सुनाइन् । महिला उद्यमी एवं सौन्दर्य व्यवसायी चिनु गुरुङले स्वास्थ्य र सुन्दरता एकआपसमा जोडिएको विषय भएकाले ग्राहकको स्वास्थ्यलाई ध्यानमा राखेर सेवा दिइनुपर्ने बताइन्। उनले राजनीतिज्ञ र सामाजिक अभियन्ताले पनि पार्लर छिरेर सेवा लिइदिँदा आफूहरूलाई पनि हौसला मिल्ने उनको भनाइ थियो। पोखरा भीमसेन टोलमा जन्मिएकी सञ्जु २०५८ सालमा बेलायत गएकी थिइन् । बेलायतमा सिकेर सञ्जुले २०६२ सालमा (सन् २००६)मा ब्युटी सैलुन खोलेकी थिइन् । अहिले पनि बेलायतमा उनको आफ्नै रमा पर्फेक्सन हेयर एण्ड सैलुन छ । आफ्नै देशमा केही गर्नुपर्छ भन्ने भएपछि २ दशक बेलायत बसेर कमाएको पैसा नेपालमा लगानी गरेको सञ्जुले सुनाइन् । वर्षमा ४ जनासम्मलाई आफ्नो एकेडेमीमा निशुल्क सौन्दर्य कक्षा सिकाउने सञ्जुको योजना छ।

# बालकुमारी घटना: पीडित पक्ष र सरकारबीच सहमति

रासस
काठमाडौं, १६ पुस

ललितपुरको बालकुमारीमा शुक्रबार भएको प्रदर्शनमा मृत्यु भएका व्यक्तिका परिवार र सरकारबीच चारबुँदे सहमति भएको छ। गृहमन्त्रालयमा सोमबार भएको छलफलपछि सरकार र पीडित पक्षबीच मृतकका परिवारका १/१ जना सदस्यलाई उपयुक्त खालको रोजगारी यथाशीघ्र उपलब्ध गराउने सहमति भएको हो।

दुई पक्षबीच सरकारले उपलब्ध गराउने राहतका अतिरिक्त थप राहत उपलब्ध गराउनका लागि यथाशीघ्र आवश्यक सहजीकरण गर्ने, मृतकलाई शहीद घोषणाका लागि पहल गर्ने, मृतकका परिवारले आजै शव बुझिलिने र शव सम्बन्धित जिल्लामा पुऱ्याउन गृह मन्त्रालयले पहल गर्ने सहमत भएको छ। सो सहमतिमा सरकारका तर्फबाट गृह मन्त्रालयका उपसचिव उमाकान्त अधिकारी र मृतक परिवारका तर्फबाट टेकबहादुर शाह र टेकबहादुर कटुवालले हस्ताक्षर गर्नुभएको छ।

# 'बुकी कप' भलिबलको उपाधि आर्मीलाई

पोखरापत्र संवाददाता
पोखरा, १६ पुस

राष्ट्रियस्तरको 'बुकी कप' भलिबल प्रतियोगिताको उपाधि विभागीय टोली त्रिभुवन आर्मी क्बले जितेको छ । पोखराको हिमालयन म्युजिकल इभेन्ट म्यानेजमेन्ट एन्ड फिल्मसूद्वारा बागलुङको गलकोटमा आयोजित सो प्रतियोगिताको सोमबार भएको फाइनल प्रतिस्पर्धामा नेपाल पुलिस क्लबलाई ३-२ सेटमा पराजित गर्दै आर्मीले उपाधिसहित रु पाँच लाख पुरस्कार हात पारेको हो।

प्रतियोगितामा आर्मीले पुलिससँग पहिलो, चौथो र पाँचौं सेटमा क्रमशः २७-२५, २७-२५ र १५-६ को अन्तरमा जित निकाल्दै प्रथम बुकी कपको उपाधि चुमेको हो । दोस्रो र तेस्रो सेटमा आर्मीलाई क्रमशः २५-२२ र २५-२१ को अन्तरमा पराजित गरेको पुलिस क्लबले उपविजेतामा चित्त बुझाएको छ। उपविजेता बनेको पुलिस क्लबले कप र मेडलसहित रु दुई लाख ५० हजार पुरस्कार प्राप्त गरेको हो। प्रतियोगितमा त्रिभुवन आर्मी क्लबका मानबहादुर श्रेष्ठले उत्कृष्ट घोषित हुँदै रु २० हजार, उत्कृष्ट टोली प्रशिक्षक आर्मीका जगतबहादुर सिँहले रु १० हजार, उत्कृष्ट सेटर आर्मीका दुर्गा महतोले रु छ हजार र उत्कृष्ट स्पाइकर पुलिस क्लबका पहल गहतराजले रु छ हजार पुरस्कार प्राप्त गर्नुभयो । यस्तै, उत्कृष्ट ब्लकर पुलिसका सफल विकेले रु छ हजार, उत्कृष्ट सर्भर पुलिसका रविन नगरकोटीले रु छ हजार र उत्कृष्ट लिबेरो आर्मी क्लबका ईश्वर थापाले रु छ हजार पुरस्कार प्राप्त गरेको आयोजकले जनाएको छ । 'म्यान अफ दी म्याच' घोषित हुने खेलाडीलाई नगद रु दुई हजार प्रदान गरिएको थियो।

यही पुस ८ गतेदेखि सुरु भएको प्रतियोगितामा त्रिभुवन आर्मी क्लब, नेपाल पुलिस क्लब, नेपाल एपिएफ क्लब, गण्डकी प्रदेश र गलकोट नगरपालिकाको टोलीले भाग लिएको प्रतियोगिताका संयोजक मोहन केसीले बताउनुभयो।

गलकोट नगरपालिका र गलकोट नगर खेलकुद विकास समितिसँगको समन्वय तथा नेपाल भलिबल सङ्घ, गण्डकी प्रदेश भलिबल सङ्घ, जिल्ला भलिबल सङ्घ बागलुङ, गलकोट उद्योग वाणिज्य सङ्घ र नगर भलिबल सङ्घ गलकोटसँगको सहकार्यमा प्रतियोगिता सम्पन्न भएको हो। सो अवसरमा साङ्गीतिक कार्यक्रम, नृत्य प्रतियोगिता 'गलकोट डान्स आइडल', रमाइलो मेलालगायत सञ्चालन गरिएको थियो।

# रुपान्तरण ...

छाड्ने प्रतिबद्धता जनाउनुभयो।


पार्टीका केन्द्रीय सदस्य एवं पोखरा महानगरपालिकाका इन्चार्ज पारशमणि पौडेलले अवसर खोज्ने तर चुनौतीको सामना गर्न नसक्ने प्रवृत्ति नेता कार्यकर्तामा रहेकाले सोको अन्त्य आवश्यक रहेको बताउनुभयो । उहाँले अभियानका क्रममा पोखराका ३३ वटै वडामा पार्टीका बैठक, भेला, प्रशिक्षण सरसफाइ तथा वृक्षरोपणलगायतका कार्यक्रमहरू सञ्चालन गरिएको बताउनुभयो।

पार्टीका अनुशासन आयोगका सदस्य कोमलनाथ बरालले पार्टीलाई क्रियाशील बनाउन अझै मेहनत गर्नुपर्ने र लागुपर्ने बताउनुभयो।


## कपालको उपचार

### कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा बढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको बीच बीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाह्री झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाइसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्युरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने:** शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

**महिलाहरुमा देखिने:** स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनावारीमा गडबडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता :** अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्बन्धी रोग :** छारसुनद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आयुर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यु विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१-५८९१९४, ९८४३११९०४, ९८०६५७७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला ।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जीवनमा न मनोविनोदको स्थान छ न आँसुको, जीवन त एउटा सेवासदन हो । - लियो टोल्सटोय

**सम्पादकीय**

# पीडितलाई न्याय देऊ

पुस १३ गते प्रहरीको गोली लागेर हत्या भएका दुई युवकका परिवार र गृह मन्त्रालयबीच सहमति भएको छारोजगारीको लागि परीक्षा दिन पाउनुपर्ने माग राखेका युवामाथि प्रहरीको गोली लागी अछामका वीरेन्द्र शाह र दैलेखका सुजन राउतको मृत्यु भएको थियो । दुई युवाको हत्यापछि देशैभरी प्रदर्शन भएपछि सरकार संझौतामा आउन बाध्य भएको छ। गृह मन्त्रालय र मृतकका परिवारबीच सोमबार चार बुँदे सहमति भएको छ ।

सहमति अनुसार सरकारले मृतकका परिवारको एक जना सदस्यलाई यथाशीघ्र रोजगार उपलब्ध गराउने भएको छ। थप राहत उपलब्ध गराउन सरकारले सहजीकरण गर्ने, पनि सहमति भएको छासरकारले मृतक शाह र राउतलाई सहिद घोषणाका लागि पहल गर्ने सहमति गरेको छासरकारले विरोधको सामना गर्न सक्ने अवस्था नभएपछि सहमतिमा आएको बुझ्न सकिन्छासरकार लचक भएको हुँदा मृतकका आफन्तले उनीहरूको शव बुझिलिने सहमतिमा पुगेका छन । लासमाथि राजनीति हुने अवस्था आउन नदिन दुवै पक्ष सहमतिमाआउनु सकारात्मक हो ।

मृतकको पार्थिव शरीरलाई सम्बन्धित जिल्लामा लैजान गृह मन्त्रालयले प्रबन्ध मिलाउने सहमति पत्रमा उल्लेख छा सहमतिमा नेपाल सरकारको तर्फबाट गृह मन्त्रालयको उपसचिव उमाकान्त अधिकारी र मृतकका तर्फबाट वीरेन्द्र शाहका बाबु टेकबहादुर र सुजन राउतको तर्फबाट उनका मामा टेकबहादुर कटुवालले हस्ताक्षर गरेका छन् । गृह मन्त्रालय र मृतकका आफन्तबीच सहमति भएका बेला अछामका प्रतिनिधिसभा सदस्य शेरबहादुर कुँवर, पुष्पबहादुर शाह र दैलेखका प्रतिनिधिसभा सदस्य अमनबहादुर थापा र दिक्पालकुमार शाहीको उपस्थिति थियो ।

गत साता ललितपुरको बालकुमारीमा ईपीएस कोरिया शाखा कार्यालयमा परीक्षा फाराम भर्ने विषयलाई लिएर भएको प्रदर्शनमा प्रहरीले गोली चलाउँदा शाह र राउतको मृत्यु भएको थियो । सरकारले यसअघि मृतकका परिवारलाई प्रतिपरिवार १० लाख रुपैयाँ उपलब्ध गराउने निर्णय गरेको थियो। सरकारले तत्कालका लागि सहमति गरेपनि उच्च स्तरीय जाँचबुझ आयोग बनाएको हुँदा जस्ले गल्ती गरेको छ उसलाई कार्वाही गर्न सत्य तथ्य जनताले थाहा पाउनुपर्छ । दस लाख क्षतिपुर्ती दिएर मान्छे मार्नेलाई कानुनको कठघरामा ल्याउन नपर्ने अवस्था अन्त्य गरेर दोषीलाई सजायँ दिने प्रणाली स्थापित गरे मात्र पीडितले न्याय पाउनेछन ।

# प्रथम पोखरा तेक्वान्दो प्रतियोगितामा अञ्जुली च्याम्पियन

पोखरापत्र संवाददाता
पोखरा, १६ पुस

पोखरामा भएको प्रथम खुल्ला आमन्त्रित पोखरा तेक्वान्दो प्रतियोगितामा आयोजक अञ्जुली तेक्वान्दो दोजाङ च्याम्पियन भएको छ ।

प्रतियोगितामा ६ स्वर्ण, २ रजत र ७ कास्य पदक सहित आयोजक अञ्जुली तेक्वान्दो दोजाङ च्याम्पियन वनेको हो । उक्त प्रतियोगितामा ५ स्वर्ण, २ रजत पदक सहित तनहुको रिसिङ पाटन दोस्रो र ४ स्वर्ण, ६ रजत र १२ कास्य पदक सहित तनहुको भिमाद दोजाङ तेस्रो भएका थिए । प्रतियोगितामा २ स्वर्ण प्राप्त गरी आयोजक अञ्जुली तेक्वान्दो दोजाङका पितर तामाङ र महिला तर्फ रिसिङ पाटन दोजाङकी सलका श्रेष्ठले २ स्वर्ण पदक प्राप्त गरी उत्कृष्ट खेलाडी घोषित भए । विजयी टिमलाई पदक प्रमाण पत्रले सम्मान गरिएको थियो । कार्यक्रममा प्रमुख अतिथि गण्डकी प्रदेश सभा सदस्य द्रोणकुमार कुँवर प्रतियोगिताले राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलाडी उत्पादन गर्न मद्धत मिल्ने बताए । नेपाल आईटिएफ तेक्वान्दो संघ गण्डकी



प्रदेशका सदस्य तथा कार्यक्रम संयोजक विशाल बुढामगरको अध्यक्षतामा भएको कार्यक्रममा प्रेदश सभा सदस्य दिलमाया पवि, नेपाल अन्तराष्ट्रिय तेकवान्दो महासंघका महासचिव घमबहादुर थापा, पोखरा महानगर पालिका वडा नं. १ का वडाध्यक्ष साहारा प्रधान अञ्जुली आवासीय माविका संस्थापक निर्देशक राजु केसी शिक्षक लक्ष्मण पौडेल, वाग्लुङ जिल्ला तेक्वान्दो संघका सदस्य चिरन वुढामगरलेबोलेका थिए। अञ्जुली आईटिएफ तेक्वान्दो दोजाङको आयोजना तथा अञ्जुली आवसिय विद्यालयको सहआयोजनामा भएको प्रतियोगितामा गण्डकी प्रदेशबाट २ सय ५० जना खेलाडिले सहभागिता जनाएका थिए ।

प्रतियोगितामा कास्की, लम्जुङ, तनहु, स्याङ्जा, वाग्लुङ, पर्वत, म्याग्दी १८ दोजाङहरुको सहभागितामा २६ वटा विधामा प्रतियोगिता भएको कार्यक्रम संयोजक तथा खेलाडीहरुले प्याट्रनतर्फ पहैंलो, हरियो, हरियो, निलो, निलो, रातो पेटीको लागि प्रतिस्पिर्धा गरिएको थियो ।

त्यसैगरि स्पाईरिङ तर्फ २०-२५ ,३०-३५, २५-३०,३५-४० ,३०-३५ , ४०-४५ , ३५-४० , ४५-५० , ४०-४५ , ५०-५५ , ४५-५० , ५०-५५ , ५५-६० , ६० के.जी. तौल समुहमा प्रतिस्पिर्धा भएको संयोजक बुढामगर जानकारी दिए ।

# झामरे नाच संरक्षणको पहल

पोखरापत्र संवाददाता
तनहुँ, १६ पुस

मगर समुदायको प्रख्यात झामरे नाच संरक्षणका लागि पहल थालिएको छ । तनहुँको ऋषिङ गाउँपालिका-६ स्थित डुकुडाँडा लाफा युवा क्लब र जय दुर्गा आमा समूहले झामरे नाच उत्थान र संरक्षणका लागि पहल गरेका हुन् ।

अहिलेका पुस्ताले झामरे नाच बिर्सँदै गएकाले लोप हुने खतरा बढेपछि यसको संरक्षणको पहल गरिएको युवा क्लबका संयोजक दानबहादुर आलेले बताउनुभयो । उहाँले भन्नुभयो, "अहिलेका पुस्तालाई पुरानो संस्कृतिप्रति कम चासो हुन्छ । त्यसले गर्दा हाम्रो यो नाच नै लोप हुने हो कि भन्ने चिन्ता लागिरहन्छ । त्यसैले गर्दा यसको संरक्षण गर्दै पुस्तान्तरण गर्ने लक्ष्य राखेका छौँ ।" पछिल्लो केही वर्षयता युवा क्लबकै सक्रियतामा झामरे नाच संरक्षणका लागि पहल थालिएको उहाँको भनाइ छ । उहाँले भन्नुभयो, "यसलाई जीवन्त राख्दै नयाँ पुस्तालाई सिकाउनुपर्छ भनेर लागिपरेका छौँ । अहिलेका पुस्ता पनि यसमा आकर्षित छन् ।" झामरे नाच मगर समुदायको मौलिक नृत्य हो । आधुनिक संस्कृतिको प्रभावका कारण मौलिक संस्कृति लोप हुन थालेको स्थानीय सिद्ध आलेको गुनासो छ । उहाँले भन्नुभयो, "परम्परागत रीतिरिवाज र संस्कृतिको संरक्षणका लागि पहल थालिएको हो ।"

नेपाली मौलिक संस्कृति र मगर जातिको संस्कृतिसँग जोडिएको झामरे नाचलाई पुर्नजीवित गराउन आफूहरु जुटेको उहाँको भनाइ छ । उहाँका अनुसार मगर समुदायमा यो नाच लामो समयसम्म नचाउने गरिन्छ। हरेक वर्ष दसैंको अष्टमीदेखि सुरु हुने यो नाच माघसम्म नचाइन्छ । मादल, झर्रा र डम्फुको तालमा युवायुवतीले गीत गाएर सामूहिकरुपमा नाच्ने प्रचलन छ। यसले समुदायमा भाइचारा विकास गर्न सहयोग पुग्ने भनाइ छ। तनहुँ, नवलपुर, पाल्पा, स्याङ्जा, गोरखा र बागलुङलगायतका मगर जातिको बाहुल्य रहेको ठाउँमा झामरे नाच नाच्ने प्रचलन रहँदै आएको छ। मगर समुदायको बाहुल्य रहेको ऋषिङमा झाम्रे नाच संरक्षणका लागि स्थानीय तहले पनि सहयोग गर्दै आएको छ। ऋषिङ गाउँपालिकाका अध्यक्ष राजेन्द्रकृष्ण श्रेष्ठले मगर समुदायको यो नाच संरक्षणका लागि पालिकाले सहयोग गरेको बताउनुभयो। उहाँले भन्नुभयो, "ऋषिङ कला र संस्कृतिमा धनी छ। त्यसमाथि मगर बाहुल्य रहेको यो पालिकामा झामरे नाच संरक्षणका लागि पालिकाका तर्फबाट बजेट विनियोजन गरिएको छ।"

# उन्नति बचत तथा ऋण सहकारीको १५ औँ साधारणसभा

पोखरापत्र संवाददाता
पोखरा, १६ पुस

पोखरा महानगरपालिका-९ नयाँबजारमा अवस्थित उन्नति बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १५ औं वार्षिक साधारणसभा सम्पन्न भएको छ।

साधारणसभाको पोखरा महानगरपालिका सहकारी समितिका अध्यक्ष रविरमण तिवारीले एक समारोहकाबीच उद्घाटन गर्नुभएको थियो।

सो अवसरमा उहाँले सहकारी संस्थाहरु नाफामूखी मात्र भएर आफ्नो जिम्मेवारी पूरा नहुने उल्लेख गर्नुभयो। उहाँले सहकारी संस्थाहरुले सहकारीका सिद्धान्त अक्षरस अनुसरण गर्दै सदस्यहरुको हित र सामाजिक उत्तर दायित्वलाई पूरा गर्नुपर्नेमा जोड दिनुभयो । सहकारीमा सञ्चालक र कर्मचारीको मात्र हालिमुहाली हुन नहुनेमा जोड दिँदै तिवारीले भन्नुभयो,"सदस्यको क्रियाशीलता र सहभागिताबाट मात्र संस्था बलियो हुन्छ ।"



सहकारीका संस्थापक अध्यक्ष एवं सल्लाहकार पदमबन्धु पोखरेलले सेवाको भावनाले सहकारी संस्थाहरु सञ्चालन हुनुपर्ने बताउनुभयो । संस्थाका अध्यक्ष राजेश रानाभाटले सदस्यहरुको हित र लगानीलाई संरक्षण गरी संस्थालाई गण्डकी प्रदेशकै उत्कृष्ट र अनुकरणीय संस्थाका रुपमा विकास गर्ने प्रतिवद्धता जनाउनुभयो । संस्थाका सल्लाहकार क्या कृष्णबहादुर थापाले संस्थालाई सफल बनाउने मुख्य जिम्मेवारी सदस्यहरुको रहेको उल्लेख गर्नुभयो। संस्थाका उपाध्यक्ष लेखनाथ अर्यालले स्वागत गर्नुभएको कार्यक्रमको सञ्चालन सचिव रेवतिरमण भण्डारीले गर्नुभएको थियो । साधारणसभाले कोषाध्यक्ष प्रमोद थापा तथा लेखा सुपरिवेक्षण समितिका संयोजक पुरोचन उदासको प्रतिवेदन पारित गरेको छ । साधारणसभाको अवसरमा एसइई परीक्षा २०७९ तथा कक्षा १२ को परीक्षामा सर्वोत्कृष्ट हुने सदस्यका छोराछोरीहरुलाई सम्मान गरिएको थियो । संस्थामा हाल चार हजार १३९ सदस्य रहेको संस्थाका कार्यालय प्रमुख भगवान भट्टराईले जानकारी दिनुभयो ।

# रोजाइमा गाउँका मौलिक उत्पादन

पोखरापत्र संवाददाता
बलेवा, १६ पुस

बालबालिका पिङमा रमाइरहेका छन् । किशोरकिशोरी कलाकारका गीतमा झुमेका छन्। कसैलाई खेलको चिन्ता, कसैलाई व्यवसायको चिन्ता।

बुधबारदेखि सुरु भएको सातौं बागलुङ महोत्सवको मुख्य मञ्चको दायाँतर्फका प्रदर्शनी कक्ष भरिभराउ छन् । महोत्सवमा पुग्ने अधिकांश त्यहाँ पुग्छन् । 'बागलुङ ब्राण्ड' नाम दिइएको कक्षमा जिल्लामा उत्पादन हुने हरेक वस्तुहरुको प्रदर्शनीका लागि राखिएका छन् ।

ताराखोलाको ढुङ्गादेखि जैमिनीको बाँकोको गुन्द्रुक कक्षमा छन् । जिल्लामा सबैभन्दा धेरै प्राङ्गारिक वस्तुहरुको उत्पादन हुने ताराखोलाले महोत्सवबाट ढुङ्गा चिनाउँदै छ । गाउँपालिकाले उद्यम विकास शाखाको व्यवस्थापनमा ताराखोलाको असली ढुङ्गाबाट बनेका सामग्री प्रदर्शनीमा राखेको छ। गाउँघरमा चटनी (पिनेर बनाइने अचार) बनाउन काम लाग्ने सिलौटोलगायतका तयारी सामग्री प्रदर्शनीमा छन् । "यो ताराखोलाको असली ढुङ्गा चिनाउनका लागि प्रदर्शनीमा राखिएको हो । धेरैले हेरेर जानुभयो। केहीले किनेर लैजानुभयो", ताराखोलाकी उद्यम विकास सहजकर्ता निरु घर्तीमगरले भन्नुभयो, "अरु खाद्यवस्तु पनि प्रदर्शनीमा छन् ।" ताराखोलाको उत्पादन भुटेको मकै, रातो च्याउ, सिल्टीमुर, मकैको आँटो, सिमी, कर्कलोको भुजुरी, मुलाको धजरा, सिन्की (गुन्द्रुक), चुल्ठे अमिलो, सिस्नोको धुलो, अल्लोको कपडा, अल्लो धागो, उनी सल र अल्लोका झोलाहरु तथा हाते कागज प्रदर्शनीमा राखेको छ। किवी फल, निगालोको काइँयोले महोत्सवमा पुग्ने दर्शकलाई आकर्षित गरेको छ। "अहिले बिक्री र आम्दानीभन्दा पनि पहिचान र प्रचारका लागि हामीयहाँ आएका हौं", घर्तीले भन्नुभयो, "बिक्रीवितरण पनि सन्तोषजनक छ ।" महोत्सवमार्फत जिल्लाको पहिचान दिने तथा स्थानीय उत्पादनको बिक्रीसँगै प्रचारप्रसार गर्ने उद्देश्यले कक्ष राखिएको रुद्रताल सामाजिक उद्यमी महिला सहकारी जैमिनी नगरपालिका-३ दमेकका अध्यक्ष चित्रा छन्त्यालले बताउनुभयो।

# झोलुङ्गे पुलको भरमा देवघाट

पोखरापत्र संवाददाता
तनहुँ, १६ पुस

त्रिशूली र कालीगण्डकीको सङ्गमस्थल देवघाटधाम पवित्र तीर्थस्थलका रूपमा प्रसिद्ध छ। देवघाटधाम ऐतिहासिक, धार्मिक, सांस्कृतिक एवं प्राकृतिक रूपमा महत्वपूर्ण मानिन्छ । यही महत्वपूर्ण धामबाट नै नामकरण गरिएको छ पालिकाको नाम देवघाट । ठूला नदीको बीच भागमा रहेका पालिका विकास निर्माणमा पछाडि परेको छ। यस देवघाट क्षेत्र झोलुङ्गे पुलको सङ्गम भन्न सकिने अवस्थामा छ। सङ्घीयता कार्यान्वयन भए पनि यहाँको विकासमा भने खासै परिवर्तन हुन सकेको छैन । लामो समयदेखि देवघाट क्षेत्र झोलुङ्गे पुलको भरमा नै रहेको छ। तीन ठूला नदीले घेरिएको देवघाट गाउँपालिकाको क्षेत्र झोलुङ्गे पुलले जोडेको छ । देवघाटबाट सदरमुकाम दमौली कामकै लागि आउनुपर्ने भएमा बागमती प्रदेश पार गर्नुपर्छ। मोटरेवल पुल नहुँदा यहाँका स्थानीय बागमती प्रदेश पार गरी सदरमुकाम आउनुपर्ने अवस्था छ । केही सहज हुने स्थानका पालिकाबासी झोलुङ्गे पुलबाट मादीसेती नदी पार गरी सदरमुकाम पुग्ने गर्दछन् । पुलको अभावले सामग्री ढुवानीमा समेत सकस हुने गरेको स्थानीय बताउँछन् । देवघाटसँग जोडिनका लागि हालसम्म १७ झोलुङ्गे पुलले घेरिएको गाउँपालिकाका अध्यक्ष तिलबहादुर थापाले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "गाउँपालिका झोलुङ्गे पुलकै भरमा चलेको छ।"


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : मन चञ्चल | तुला | : शारीरिक झमेला |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : ब्यापारमा लाभ |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : सम्मान मिल्नेछ | मकर | : शत्रुको भय |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : झमेला बढ्ने |
| कन्या | : मानसिक तनाब | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

## कम्पनीको नाम परिवर्तन भएको सूचना

यस कम्पनीको मिति २०८०/०८/०७ को विशेष बैठकको निर्णय अनुसार साविक कम्पनी ए टु जेड पत्रिका प्रा.लि.को नाममा रहेको सम्पूर्ण सम्पत्ति तथा कर दायित्व परिवर्तित नाम पोखरा क्लिक (प्रा.लि. नं १३९६१९)को नाममा सकार्ने व्यहोर्ने गरि कम्पनीको मिति २०८०/०८/०८ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा जानकारी गराइन्छ ।

साविक नाम : ए टु जेड पत्रिका प्रा.लि.
परिवर्तन नामः पोखरा क्लिक प्रा.लि.
पोखरा महानगरपालिका-२२, कास्की

## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. १३ रतन पाण्डे देखि गाईपानी जाने मोटरबाटो स्तरोन्नती कार्य गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**योजनाको नाम** : रतन पाण्डे देखि गाइपानी जाने मोटर बाटो स्तरोन्नती
**उपभोक्ता समिति**:रतन पाण्डे देखि गाइपानी जाने मोटर बाटो स्तरोन्नती उपभोक्ता समिति, पोखरा-१३, कास्की
**योजना सम्झौता मिति**: २०८०/०८/१९ गते
**योजना सुरु मिति** : २०८०/०८/२० गते
**योजना सम्पन्न मिति** : २०८०/०९/३० गते
**महानगरपालिकाबाट** : रु. १०,००,०००/-
**उपभोक्ताबाट** : रु. १,११,१११/-
**जम्मा लागत** : रु. ११,११,१११/-

**मिन बहादुर भुजेल**
**अध्यक्ष**
**रतन पाण्डेदेखि गाइपानी जाने मोटर बाटो स्तरोन्नती उपभोक्ता समिति,**
**पोखरा-१३, कास्की**

# पोखरा कप पुरुष भलिबलको उपाधि पर्वत भलिबल क्लबले जित्यो

पोखरापत्र संवाददाता
पोखरा, १६ पुस

२५ औं सडक महोत्सवको अवसरमा पोखरा महानगरपालिका भलिबल संघको आयोजनामा पौष १४ गतेदेखि भएको पोखरा कप अन्तर क्लब स्तरीय पुरुष भलिबल प्रतियोगिताको उपाधि पर्वत भलिबल क्लबले जितेको छ।

पर्वत भलिबल क्लब र टफ गोर्खा टिम बीच भएको प्रतिस्पर्धामा आइतबार भएको प्रतियोगितामा पर्वतले २५–१६, २५–२१ र २५–२३ को सोभो सेटमा पराजित गरेको थियो। विजेता पर्वत भलिबल क्लबले एक लाख ११ हजार एक सय ११ नगद, ट्रफी, प्रमाणपत्र र मेडल प्रदान गरिएको थियो भने दोस्रो भएको टफ गोर्खा ट्रेनिङ सेन्टरको टिमलाई ७७ हजार सात सय ७७ रुपैया नगद सहित




प्रमाणपत्र, ट्रफी र मेडल प्रदान गरिएको थियो।

सो अवसरमा बेस्ट प्लेयर लाई १० हजार, बेस्ट सेटर ३ हजार, बेस्ट डिफेन्डरलाई ३ हजार, बेस्ट सर्भर ३ हजार र बेस्ट ब्लकरलाइ ३ हजार नगद, कप र प्रमाणपत्र प्रदान गरिएको संघका कोषाध्यक्ष तथा सहप्रायोजक सुविन गुरुङले बताए।

पोखरा महानगर खेलकुद विकास समितिका अध्यक्ष दिपक गोदार, रेवान पोखराका उपाध्यक्ष तथा सडक महोत्सवका कार्यक्रम संयोजक विश्वराज पौडेल, सहसंयोजक बैभव पौडेल, टाइगर ग्रुप अफ पोखराका अध्यक्ष तथा महानगरपालिका कार्यालयका वरिष्ट कानुन अधिकृत, नेपाल भलिबल संघका पुर्व सचिव डिबि नेपाली, सोविन गुरुङ, रेवान पोखरा पुर्व अध्यक्ष वलराम पहारी, नेपाल भलिवल संघका केन्द्रिय सदस्य राजकुमार गुरुङ, सितेरियो करातेका अर्न्तराष्ट्रिय खेलाडी लक्ष्मण कुँवर, पुर्व राष्ट्रिय भलिबल खेलाडि तथा प्रशिक्षक वलराम क्षेत्रीलगायतले विजेताहरुलाई पुरस्कार वितरण गरेको थिए। प्रतियोगितामा गलकोट भलिबल क्लब, पोखरा महानगरपालिका निलो, पोखरा महानगरपालिका रातो, पर्वत भलिबल क्लब, बसुन्धरा पार्क क्लब, गुरुकुल माबी, सिद्धार्थ लभडेल माबी, टफ गोर्खा सहभागी भएका थिए। पोखरा महानगरपालिकाका मेयर धनराज आचार्यले पुस १४ गते उद्घाटन गरेको प्रतियोगिताको प्रायोजकमा पोखरामहानगरपालिकाकार्यालय वडा नं ६ र कास्की पोखरा समाज जापान, सहप्रायोजकमा सुबिन गुरुङ र सन्दिप गुरुङ रहेका थिए भनेप्रबर्द्धकमापोखरामहानगरपालिका कार्यालय, पोखरा महानगरपालिका खेलकुद विकास समितिको समन्वय र रेवान पोखराको बिशेष सहयोग रहेको थियो।

पोखरा महानगरपालिका भलिबल संघका अध्यक्ष रामबहादुर लामिछानेको अध्यक्षतामा भएको कार्यक्रमको संचालन सचिव युवराज गुरुङले गेरका थिए।

# भारद्वाज गोत्रीय सुवेदी खत्री कुल सेवा समाज पोखरा २५ हेमजाको अधिवेशन सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, १६ पुस

भारद्वाज गोत्रीय सुवेदी खत्री कुल सेवा समाज पोखरा २५ हेमजाको नवौं वार्षिक साधारण सभा तथा तेस्रो अधिवेशनले यन बहादुर खत्रीको अध्यक्षतामा नयाँ कार्य समिति सर्वसम्मत चयन गरेको छ।



समितको उपाध्यक्षमा प्रेम बहादुर खत्री, महासचिबमा विष्णु मायाँ खत्री सचिवमा मेजन बहादुर खत्री कोषाध्यक्षमा गणेश बहादुर खत्री त्यसैगरी सदस्यहरुमा नारन बहादुर खत्री,श्याम बहादुर खत्री,सरस्वती खत्री,कमल खत्री,महेन्द्र बहादुर खत्री र नवराज केसी रहेका छन्। कार्यक्रमको उद्घाटन गर्दै भारद्वाज गोत्रीय सुवेदी खत्री कुल सेवा समाज पोखरा २५ हेमजाका अध्यक्ष केशव बहादुर खत्रीले हालसम्म कुल मन्दिरको गुरुयोजना अनुरुप काम गरीरहेको बताउदै खत्रीले कुल स्थान र निशान मन्दिर निर्माण तथा विषेशकोष निर्माणमा सयोग गर्ने भारद्वाज गोत्रीय सुवेदी खत्रीका सम्पुर्ण सदस्यहरुमा आभार व्यक्तत गरे।

कार्यक्रममा अधिवक्त्ता मन बहादुर खत्रीले कुलको हितको लागि सबै भारद्वाज गोत्रीय सुवेदी खत्रीका खलकहरु एक भएर काम गर्नुपर्ने बताए। कार्यक्रममा समाजका जेष्ठ सदस्यहरु, समाजको विशेष कोषमा सयोग गर्ने सयोगदाताहरु समाजको कुलस्थान र निशान मन्दीर निर्माणको लागी सयोग गर्ने जग्गादाताहरु कुल संरक्षक कुल मुल धामी तथा कुल धामीहरुलाई सम्मान गरीएको थियो। कार्यक्रममा महासचिब विष्णु मायाँ खत्रीको महासचिबको प्रतिवेदा तथा कोषाध्यक्ष यन बहादुर खत्रीको कोषाध्यक्षको प्रतिवेदन सर्वसम्मतले पारित गरीएको थियो।

समितिका अध्यक्ष केशव बहादुर खत्रीको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष प्रेम बहादुर खत्रीले स्वागत मन्तव्य मनिषा खत्रीले कार्यक्रम सन्चालन गरेकी थिइन।

# बगरमा बन्यो बसपार्क, बढ्यो जोखिम

पोखरापत्र संवाददाता
बागलुङ, १६ पुस

मध्यपहाडी लोकमार्ग छेवैको बडिगाडखोला र त्यसमाथि छ, बुर्तिबाङ बजार। बुर्तिबाङ बजार सडकले जोडिएको डेढ दशकभन्दा बढीभयो।

सडक सञ्जाल जोडिएपछि बुर्तिबाङ बजारको मुख्य भागमा बसपार्क बनाइयो। सुरुसुरुमा थोरै गाडी चल्ने हुँदा सवारी पार्किङमा समस्या थिएन। बुर्तिबाङमा सानो बजार हुँदै सहरमा परिणत हुन थालेपछि सवारी साधानको चाप पनि क्रमैशः बढ्यो।

सवारी साधानको चाप बढेपछि बजारको बीचमा रहेको सानो बसपार्कमा सवारीसाधान पार्किङका लागि पर्याप्तभएन। फलस्वरुप जथाभावी रुपमा सावारी पार्किङ गर्न थालियो र ट्राफिक व्यवस्थापनमा चुनौती बढेसँगै दुर्घटनाको जोखिम बढायो। त्यसपछि पुरानो बसपार्कको विकल्पमा नयाँ सहर आयोजनाले ढोरपाटन नगरपालिका–२ खप्तरीबाडस्थित बडिगाड खोलाको किनारमा बसपार्कका लागि जग्गा खरिद गरी निर्माण अघि बढायो। हाल बसपार्क निर्माण अन्तिम चरणमा छ। बजार र लोकमार्गलाई पायकपर्ने ठाउँमा बसपार्क निर्माण गरिएपनि खोला किनारमा हुँदा बर्खाको समयमा बाढीले बसपार्कसहित यातायातका साधान बगाउने हो कि भन्ने चिन्ता पनि थपिएको छ। बजारनै साँघुरो ठाउँमा रहँदा जग्गा व्यवस्थापनमा समस्या थियो नै, त्यसमाथि बगरमा बसपार्क बनाउनुले ठूलो समस्या निम्त्याउने जोखिम बढेको भन्दै स्थानीयवासीले गुनासो गरिरहेका छन्। बर्खाका बेला बडिगाडखोलामा पानीको बहाव बढेर बसपार्कमा आउने गर्छ। खोलामा तटबन्ध गरे पनि ठाउँ निकै साँघुरो भएको हुँदा जुनसुकै बेला बगाउन सक्ने जोखिम देखिएको स्थानीयको गुनासो छ। दश नमूना सहरमा पर्ने बुर्तिबाङ बजारमा हाल नयाँ सहर आयोजनाअनुरुप काम भइरहेको छ। विसं २०६८ देखि सुरु भएको नयाँ सहर आयोजनाले जग्गा व्यवस्थापन गर्न ढिलाइ गर्दा बसपार्क निर्माण गत वर्षदेखि सुरु भएको हो। विसं २०८० असार १५ गतेसम्म बसपार्क निर्माण सम्पन्न गर्ने गरी अघिल्लो वर्ष कात्तिक ७ गते आयोजनाको ठेक्का सम्झौता भएको नयाँ सहर आयोजना कार्यालय बुर्तिबाङका सूचना अधिकारी कमल शाहले जानकारी दिनुभयो। अहिलेसम्म बसपार्क निर्माण ९५ प्रतिशत सकिएको उहाँको भनाइ छ।

विसं २०७५ मा छ रोपनी जग्गा खरिद बसपार्क बनाउन थालिएको हो। बसपार्क निर्माणको जिम्मा गोरखनाथ कन्ट्रक्सन एण्ड मरचेन्टाईजर प्रालिले पाएको छ।

"बसपार्कमा लागि धेरै ठाउँमा जाग्गा हेर्‍यौं तर पाइएन, हाम्रो भन्नेटामा पनि जग्गा छ, तर त्यहाँ बनाउने सम्भावना देखिएन", उहाँले भन्नुभयो, "नगर विकास समितिसँग सहकार्य गरेर यहाँ जग्गा खरिद गरेका हौं। बसपार्क बनाउनुपर्ने थियो, जग्गा थिएन, खोलामा तटबन्धन गरेकाले अहिले जोखिम छैन।" खोला किनारदेखि पक्की पर्खाल उठाइएको छ। यसवर्ष बजेट कम परेको र अर्को वर्ष बसपार्क निर्माण सम्पन्न हुने उहाँको भनाइ छ। बसपार्क निर्माण लागि आर्थिक वर्ष २०७९/८० मा रु दुई करोड २६ लाख ४० हजार चार सय ३१ मा विनियोजित भएको थियो। अब सवारी पार्किङका लागि ढलान, गेट निर्माण, टर्मिनल भवनको फिनिसिङलगायतका काम बाँकी रहेको शाहको भनाइ छ। बसपार्कमा साना र ठूला गरी ३० वटा जीप, २० वटा बस र स-साना दर्जनौं सवारीसाधान अट्ने क्षमता छ। टर्मिनल भवन तीन तलाको बनेको शाहले बताउनुभयो। ढोरपाटन नगरपालिकाका उपप्रमुख धनबहादुर कायतले खोलाको मापदण्ड मिचेर बसपार्क निर्माण भएको दाबी गर्नुहुन्छ। बसपार्क बन्नु बुर्तिबाङ बजारवासी र नागरिकका लागि खुसीको विषय भए पनि खोला किनारमा बनेको बसपार्क जुनसुकै बेला पनि बगाएर राज्यको करोडौं रकम नोक्सानी हुने जोखिम रहेको उहाँको तर्क छ। बसपार्कको जग्गा खरिद गर्ने बेलादेखिनै कमजोरी हुँदै आएको उपप्रमुख कायतले बताउनुभयो। उपप्रमुख कायतले भन्नुभयो, "बजारमा रहेको पुरानो बसपार्क निकै साँघुरो छ। अहिले गाडी पार्किङमा समस्या छ। नयाँ ठाउँमा निर्माण गर्नुपर्ने आवश्यता १० वर्ष पहिलेनै थियो। अहिले जुन ठाउँमा बसपार्क बनेको छ। त्यो मापदण्ड अनुसार छैन।" उहाँका अनुसार नयाँ बसपार्क निकै जोखिमपूर्ण ठाउँमा निर्माण भएको छ। जग्गा खरिद गर्ने बेलामै सम्बन्धित निकायले ध्यान पुऱ्याउन नसकेको र बसपार्क बाढी तथा पहिरोको जोखिममा रहेको उहाँको बुझाइ छ।

# छोरेपाटन मा.वि.भू.पू. विद्यार्थी मञ्चको अध्यक्षमा रानाभाट

पोखरापत्र संवाददाता
पोखरा, १६ पुस

पोखरा महानगरपालिका वडा नं १७ मा रहेको छोरेपाटन मा.बि.को पूर्व विद्यार्थीहरुको भेलाले कृष्ण बहादुर रानाभाटको अध्यक्षतामा ११ सदस्यीय छोरेपाटन मा.बि. भू.पू. विद्यार्थी मञ्च गठन गरेको छ।



मञ्चको वरिष्ठ उपाध्यक्षमा हिमलाल उपाध्याय, उपाध्यक्षमा कृष्ण प्रसाद पोखेल, सचिवमा शालिकराम भण्डारी, कोषाध्यक्षमा कविता गुरुङ, सहसचिवमा ज्योति हमाल, सहकोषाध्यक्ष गणेश घर्ति क्षेत्री, सदस्यहरुमा शिवराज न्यौपाने, केदार पहारी, अमन थापा र रामचन्द्र वराल चयन भएका छन्। कार्यक्रमका प्रमुख अतिथि, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बद्रीनाथ पहारी, प्रधानाध्यापक डिल्लीराम शर्मा भुषाल, पूर्व प्र.अ. लक्ष्मण थापा, विद्यालयका सहायक प्र.अ. खेमराज वराल (ध्रुव) र मेघनाथ पौडेल, विद्यालय व्यवस्थापन समितिका पूर्व अध्यक्ष श्रीराम सुवेदी, मञ्चका संस्थापक दिपक राज वराल लगाएतले मञ्चले पुर्व विद्यार्थीहरुलाई संगठित गरी विद्यालयको शैक्षिक तथा अन्य गतिविधिमा सहयोग गर्नुपर्ने वताएका थिए। पूर्व विद्यार्थी कृष्णबहादुर रानाभाटको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत कृष्णप्रसाद पोखेलले र संचालन शालिकराम भण्डारीले गरेका थिए।

# गण्डकी प्रदेश फेन्सिङ संघको अध्यक्षमा 'विजय शाही' सर्वसम्मत निर्वाचित

पोखरापत्र संवाददाता
पोखरा, १६ पुस

गण्डकी प्रदेश फेन्सिङ संघको अध्यक्ष विजय शाही अध्यक्षमा सर्वसम्मत निर्वाचित भएका छन्।

पोखरामा सोमबार सम्पन्न संघको प्रथम अधिवेशनले आगामी चार वर्षका लागि अध्यक्ष शाहीसहित सम्पूर्ण कार्यसमित सर्वसम्मत निर्वाचित गरेको हो। संघको उपाध्यक्षमा मनिषा गुभाजु, सचिवमा सन्दिप बराल, कोषाध्यक्षमा प्रदिप छिन्दाल सर्वसम्मत निर्वाचित भएका छन्।

कार्यसमितिको सदस्यमा शिब शर्मा, महेश प्रसाद पौडेल, रुद्र बहादुर खड्का (रविन्द्र) विरेन्द्र तिवारी, कृष्ण बहादुर रानाभाट, निशान कार्की र दिपेश गुरुङ सर्वसम्मत निर्वाचित भएका छन्। अधिवेशन लगतै सम्पन्न कार्यसमितिको बैठकले अधिवेशन सम्पन्न गर्न सहयोग गर्नेहरुप्रति आभार व्यक्त गर्दै कार्यसमिति सदस्यमा सुस्मिता पाठकलाई मनोनयन गरेको छ।

यस अघि भएको कार्यक्रममा प्रदेश खेलकुद परिषदका सदस्य केशव पाठकले दशौंको तयारीमा जुट्न र खेलाडी उत्पादनमा विशेष ध्यान दिन आग्रह गरे। सो अवसरमा नेपाल फेन्सिङ संघका कोषाध्यक्ष अनुप कपालीले पोखरामा ५ वर्ष अघि बाट सुरु भएको फेन्सिङ खेलले खेलाडी उत्पादन गरी राष्ट्रियस्तरमा पदक जित्न सफल भएको भन्दै प्रशंसा गरे। संघका नवनिर्वाचित अध्यक्ष शाहीले गण्डकीमा फेन्सिङ खेलको विकासका लागि निर्वाचित कार्यसमितिले कोही कसैसंग भेदभावपूर्ण व्यबहार नगरी योजनावद्ध रुपमा कार्य गर्ने प्रतिवद्धता जनाए। उनले भने-"यहाँहरुले दिनुभएको साथ र सहयोगका लागि आभार व्यक्त गर्दछु। संघलाई सुशासन तर्फ अघि बढाउने सँगै लैङ्गिक समानता, अनुशासन र खेलकुदप्रतिको उच्च मर्यादामा रहि संघ अघि बढ्ने छ।" सम्पन्न अधिवेशनमा निर्वाचन समितिको संयोजकको जिम्मेवारी सम्हालेका विष्णु प्रसाद अधिकारी र घनश्याम पौडेलले नवनिर्वाचितहरुलाई पद तथा गोपनियताको सपथ ग्रहण गराएका थिए।

# धाम्पेसाल सहिद पार्कलाई युद्ध सङ्ग्रहालय बनाइने

पोखरापत्र संवाददाता
गोरखा, १६ पुस


गोरखाको बारपाक सुलिकोट गाउँपालिका–८ स्थित पन्द्रुङ माओवादी जनयुद्धका क्रममा राज्यपक्षबाट मारिएका प्रथम सहिद दिलबहादुर रम्तेलको गाउँ हो।

गाउँपालिकाको केन्द्र ताकुकोट नजिकै पर्ने पन्द्रुङमा मनमोहक देखिने जराङ डाँडा छ। करिब ८ दशमलव ६ रोपनी क्षेत्रफलमा फैलिएको त्यहीं डाँडा अहिले जनयुद्धका प्रथम सहिद दिलबहादुर रम्तेलको सम्भनामा सहिद स्मृति पार्कका रुपमा विकास भएको छ।

धाम्पेसाल ताकुकोट सडकखण्डको छेवैमा पर्ने सहिद स्मृति पार्कलाई अब सहिद स्मृति पार्कमात्र नभएर युद्ध सङ्ग्रहालयका रुपमा विकास गर्न लागिएको गाउँपालिकाका अध्यक्ष विष्णुप्रसाद भट्टले जानकारी दिनुभयो। पार्क निर्माण सम्पन्न नहुँदै सयौंको सङ्ख्यामा आन्तरिक तथा बाह्य पर्यटक 'दिलबहादुर रम्तेल स्मृति पार्क'को अवलोकन गर्नका लागि त्यहाँ पुग्ने गरेको उहाँको भनाइ छ। पार्कमा जनयुद्धकालीन समयमा तत्कालीन माओवादी जनमुक्ति सेनाले प्रयोग गरेका हातहतियार, सञ्चार सामग्री तथा ऐतिहासिक दस्तावेजसमेत प्रदर्शनीका लागि राख्न लागिएको उहाँले बताउनुभयो।

"लोकतान्त्रिक गणतन्त्रको स्थापनाका लागि जनयुद्धमा भएका बलिदानीलाई अध्ययन गर्न पाउने सङ्ग्रहालयका रुपमा स्मृति पार्कलाई युद्ध सङ्ग्रहालयका रुपमा विकास गर्न लागिएको छ", उहाँले भन्नुभयो, "अब छिट्टै बाँकी रहेका काम सम्पन्न गरिनेछ।" नयाँ पुस्तालाई युद्धसम्बन्धी इतिहासको चित्रण गराउन, जनयुद्धको सुरुआत, युद्ध र शान्ति सम्झौताको चित्रण गराउनसमेत युद्ध सङ्ग्रहालयले भूमिका खेल्ने अध्यक्ष भट्टको भनाइ छ। युद्ध सङ्ग्रहालयमा जनयुद्धकालीन इतिहास अध्ययन गर्न भिडिओ कक्षलगायत ई-लाइब्रेरीसमेत राखिने छ भने तत्कालीन जनमुक्ति सेनाले प्रयोग गरेका पोषाक, तत्कालीन समयमा संवाद गरिएका पत्र पनि रहनेछन्। "जनयुद्धकालीन सबै इतिहासलाई समेट्ने गरी सामग्री खोजी गरी सङ्कलन गरेर सङ्ग्रहालयमा राख्ने तयारी गरिरहेका छौं", उहाँले भन्नुभयो, "पार्कभित्र पोखरी, भ्यूटावरसमेत रहनेछ।" पार्कमा जनयुद्धका क्रममा ज्यान गुमाएका गोरखाका सबै सहिदको नाम शिलालेखमा राखिएको छ। "सहिद स्मृति पार्कमा घुम्न, हेर्न र अध्ययन गर्नका लागि जिल्लाभित्र र बाहिरबाट समेत पर्यटक यहाँ आउने गरेका छन्", उहाँले भन्नुभयो, "यसले जनयुद्धको इतिहासलाई जीवन्त बनाइराख्न मात्र नभएर बारपाक सुलिकोट गाउँपालिकाभित्र पर्यटक भित्र्याउनसमेत सहयोग पुग्ने विश्वास लिइएको छ।" पार्कभित्र टिकट काउन्टर निर्माण गरिएको छ भने वनभोजका लागि स्थान बनाइएको छ। पार्कमा प्रथम सहिद दिलबहादुर रम्तेलको सालिक निर्माण गरिएको गाउँपालिकाका इञ्जिनियर अभिनव गौतमले जानकारी दिनुभयो। पार्कलाई युद्ध सङ्ग्रहालयका रुपमा विकास गर्दै थप व्यवस्थापन गर्नका लागि गाउँपालिकाले गण्डकी प्रदेश सङ्ग्रहालयका प्रतिनिधिलगायतका सरोकारवालाहरुसँग छलफल तथा अन्तरक्रिया गरेको छ। "पार्क निर्माणमा करिब रु आठ करोड लाग्ने अनुमानसहित डिपिआर तयार गरी निर्माण सुरु भएको थियो", इञ्जिनियर गौतमले भन्नुभयो, "अहिलेसम्म लगभग रु पाँच करोडको हाराहारीमा पार्क निर्माण भइरहेको छ।"


## एउटै व्यक्ति भएको सूचना



प्रस्तुत विषयमा स्याङ्जा जिल्ला फेदीखोला गाउँपालिका वडा नं. १ निवासी भारतीय भू.पू. सैनिक नं. ८९५०० का सुवेदार चित्र बहादुर गुरुङको छोरी रोश्मा गुरुङको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर रोश्मा गुरुङ, जन्म मिति २०३७/०६/०४ (20/09/1980 A.D.) भएको र भारतीय पेन्सन अभिलेख नामथर शान्ता देवी, जन्म मिति २०३५/०६/१० (26/09/1978 A.D.) कायम भएता पनि दुवै नाम थर र जन्ममिति भएको व्यक्ती अलग-अलग नभई एकै व्यक्ति भएको प्रमाणित गराउनका लागि सम्बन्धित निकायमा सिफारिस गरिदिनुहुन भनी उक्त गाउँपालिका १ नं. वडा कार्यालयको च.नं. ५३५ मिति २०८०/०९/०३ गतेको पत्रबाट लेखी आएकोले सोही व्यहोरा सिफारिस गरिन्छ।

जिल्ला प्रशासन कार्यालय, स्याङ्जा